जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १५६ २०७८ साल माघ ५ गते बुधबार (19 Jan. 2022 Wednesday) मूल्य रु. ५/-

विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च नगरौं,
सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : निगमको सञ्चित बचत शून्य... ३ पृष्ठमा : चिसो बढेसँगै कम्बल.. ३ पृष्ठमा : भारतमा थप दुई लाख ३८...

# पचहत्तरको परिक्षण गर्दा ५६ सुरक्षाकर्मी र चार न्यायाधिशसहित ६५ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

सप्तरी जिल्लामा मंगलबार एकै दिन ६५ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । अघिल्लो दिनसम्म सक्रिय संक्रमितको संख्या ४० रहेकोमा मंगलबार एकै दिन ६५ जना संक्रमित थपिएपछि सक्रिय संक्रमितको संख्या १ सय ५ पुगेको छ ।

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा ७५ जनाको पिसिआर परिक्षण गर्दा ६५ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

संक्रमित हुनेहरुमा ५६ जना सुरक्षाकर्मी छन् । राजविराजस्थित २ नं. प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजका ५६ जना सुरक्षाकर्मी कोरोना संक्रमित भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

यस्तै सप्तरी जिल्ला अदालत र उच्च अदालत जनकपुर राजविराज इजलाशका चार जना न्यायाधिश र दुई जना कर्मचारीसमेत संक्रमित भएको उनले बताए ।

जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्कका अनुसार बिहीबार ५, शुक्रबार ७, शनिबार ८, आइतबार ९, सोमबार ११ र मंगलबार ६५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

पछिल्लो पटक संक्रमण पुष्टि भएकाहरुमा ५६ जना सुरक्षाकर्मी जिल्ला र उच्च अदालतका चार जना न्ययाधिश, तिलाठी कोइलाडी गाउँपालिकाका २ र राजविराज नगरपालिका तथा रुपनी गाउँपालिकाका १/१ जना छन् । एक जना बाहेक सबै संक्रमित अहिले स्वास्थ्यकर्मीको सम्पर्कमा होमआइशोलेसनमा रहेका छन् ।

## संक्रमित एक महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

सप्तरीमा कोरोना संक्रमित एक महिलाको सोमबार राती मृत्यु भएको छ ।

जिल्लाको रुपनी गाउँपालिका १ की ७५ वर्षिया चमेली साहको गजेन्द्र नारायण सिंह अस्पतालमा सोमबार राती मृत्यु भएको हो ।

दुई दिनअघि उपचारका लागि भर्ना भएकी ती महिलामा कोरोना संक्रमण पुष्टि भएपछि आइशोलेसनमा राखी उपचार सुरु गरिएको थियो । उपचारकै क्रममा सोमबार मध्यरातमा उनको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

# थप १० हजार २५८ मा कोरोना संक्रमण पुष्टि

काठमाडौं, ४ माघ (रासस) ।

पछिल्लो २४ घण्टामा मुलुकभर थप १० हजार २५८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । यो सोमबारभन्दा तीन हजार ५२४ ले बढी हो ।

सोमबार देशभर छ हजार ७३४ नयाँ संक्रमित पुष्टि भएको थियो । पछिल्लो २४ घण्टामा १७ हजार ८७२ पीसीआर र चार हजार ९५६ एन्टिजीन विधि गरी कूल २२ हजार ८२८ जनाको नमूना परीक्षण गर्दा १० हजार २५८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा ५६२ जना संक्रमणमुक्त भएका छन् । योसँगै संक्रमणमुक्त हुनेको संख्या आठ लाख १७ हजार ५४७ पुगेको छ । यो दर ९४ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ६८ हजार २१५ र एन्टीजेन विधिबाट परीक्षण गरिँदा एक लाख तीन हजार ९८३ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ । यसरी पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ५० लाख ३६ हजार १२० र एन्टीजेन विधिबाट परीक्षण गर्नेको संख्या आठ लाख ९६ हजार दुई पुगेको छ । कूलमा सङ्क्रमण दर १७ दशमलव दुई प्रतिशत छ ।

कोभिडविरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा दुई लाख १३ हजार १४८ रहेको छ । हाल सक्रिय संक्रमितको संख्या ३९ हजार ४४ रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ६२४ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत छ ।

हाल भेन्टेलेटरमा २८ र

*बाँकी अन्तिम पृष्ठमा*

# बलिदानी दिवसको अवसरमा आज मधेश प्रदेशमा सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

मधेश बलिदानी दिवसको अवसर पारेर मधेश प्रदेश सरकारले बुधबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

२०६३ साल माघ ५ गतेबाट शुरु भएको मधेश आन्दोलनको स्मरण गर्दै प्रदेश सरकारले यो दिन सार्वजनिक बिदा दिँदै आएको छ ।

यस पटक बलिदानी दिवस राजविराजमा मनाउने प्रदेश सरकारले निर्णय गरेको छ । यो दिवसमा मधेश आन्दोलनमा शहीद भएका ५७ जनाको परिवारलाई ३ लाखका दरले बितरण प्रदेश सरकारले जनाएको छ ।

यस्तै आन्दोलनका क्रममा घाइते भएकाहरुलाई २५ हजारदेखी ३ लाखसम्म दिने समेत निर्णय गरिएको मधेश प्रदेशका प्रवक्ता एवं अर्थमन्त्री शैलेन्द्र प्रसाद साले जानकारी दिएका छन् ।

यसअघि प्रदेशको नाम मधेश र राजधानी जनकपुरधाम तय भएको खुसियालिमा मंगलबार सार्वजनिक बिदा दिइएको थियो ।



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### नाकाहरुमा निगरानी बढाऔं

जिल्लामा पछिल्लो एक सातायता कोरोना संक्रमण हुने दर लगातार बढ्दै गएको छ। जिल्लामा एकै दिन ६५ जना संक्रमित भएपछि स्थानियमा त्रास बढेको छ। स्वास्थ्य मापदण्ड पालना नगरेमा कोरोना उच्च बिन्दुमा पुग्न सक्ने र त्यसले जटिलता उत्पन्न हुनेप्रति सबै सतर्क रहनुपर्दछ। एकातिर छिमेकी राष्ट्र भारतमा तिब्र गतिमा कोरोना संक्रमितको संख्या बढीरहेको छ भने अर्कोतर्फ उताबाट दैनिक सयौंको संख्यामा नेपालीहरु घर फर्किरहेकाले स्थिति भयाबह हुने सम्भावना देखिएको छ।

यता स्थानिय बजारहरुमा अहिले पनि स्वास्थ्य मापदण्डको पालना गरिएको देखिदैन्। मानिसहरु बजारमा हिडडुल गर्दा मास्कको प्रयोग गरेको देखिदैन् भने सामाजिक दुरी समेतको पालना गरिएको देखिदैन्। यस्तो अवस्थामा स्थानिय प्रशसन समेतले यस्ता विषयप्रति गम्भिर भई कडाई गर्न जरुरी छ।

यस्तै कोरोना संक्रमणलाई स्थानिय स्तरमा फैलिन नदिन जिल्ला कोभिड १९ संकट व्यवस्थापन समितिले नाकाहरुमा निगरानी र स्वास्थ्य परिक्षणमा कडाई गर्नुका साथै सर्वसाधारणले पनि सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्नुपर्ने चिकित्सकहरुको सुझाव छ। तसर्थ सरकारले तोकेको सम्पूर्ण स्वास्थ्य मापदण्डको पालना गर्नु नै अहिलेको आवश्यकता रहेको छ।

# निगमको सञ्चित बचत शून्य
# आइओसीलाई भुक्तानी गर्न दुई अर्ब अपुग

काठमाडौं, ४ माघ (रासस)। पेट्रोलियम पदार्थको कारोबारबाट चर्को नोक्सानी व्यहोर्दै आएको नेपाल आयल निगमको सञ्चित बचत शून्यमा पुगेको छ। विभिन्न शीर्षकमा बचत भएको रकमबाट हालसम्मको नोक्सानी व्यवस्थापन गरेको निगम आगामी साता इण्डियन आयल कर्पोरेशन (आइओसी) लाई भुक्तानी गर्न नसक्ने अवस्थामा पुगेको छ।

पेट्रोलियम पदार्थ खरिदबापत आइओसीलाई जनवरी २३ तारिखमा भुक्तानी गर्न रकम अभाव रहेको निगमले जनाएको छ। उक्त मितिमा आइओसीलाई भुक्तानी गर्न रु दुई अर्ब अपुग हुने स्थिति देखिएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो।

निगमले यसअघि पेट्रोलियम पदार्थको बिक्रीबाट भएको घाटा न्यूनीकरण गर्दै आपूर्ति व्यवस्थालाई चुस्त राख्न बचतमा रहेको सञ्चित मुनाफा, मूल्य स्थिरीकरण कोषमा दाखिला गर्नुपर्ने दायित्व रकम, कर्मचारी आवास तथा बोनसलगायत अन्य प्रयोजनमा छुट्याई राखिएको रकमबाट आइओसीलाई भुक्तानी गरेको थियो।

निगमले कर्मचारी आवास व्यवस्थाअन्तर्गतको रु तीन अर्ब २६ करोड, कर्मचारी बोनस व्यवस्थाबापत जम्मा भएको रु एक अर्ब ४५ करोड, ह्रासकोषमा रहेको रु एक अर्ब ४२ करोड र मूल्य स्थिरिकरण कोषमा रहेको रु १५ अर्ब ३४ करोडबराबरको रकम आइओसीलाई भुक्तानी गरिसकेको छ।

निगमसँगको सञ्चित बचत शून्यमा पुगेको अवस्थामा देशभर पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज बनाउन ऋण लिनुपर्ने वा मूल्य स्थिरिकरण कोषमा बाँकी भएको रकम प्रयोग गर्नुपर्ने बाध्यता रहेको प्रवक्ता उपाध्यायको भनाइ छ।

**छ महिनामा निगम १९ अर्ब घाटा**

निगमले चालू आर्थिक वर्षको छ महिनाको अवधिमा रु १९ अर्ब २६ करोड घाटा व्यहोरेको छ। जनवरी १५ मा आइओसीबाट प्राप्त नयाँ मूल्यसूचीअनुसार निगमले मूल्य समायोजन नगर्ने हो भने मासिक घाटा रु ५ अर्ब पुग्ने उहाँले बताउनुभयो। बढेको खरिद मूल्यअनुसार निगमलाई पाक्षिकरूपमा रु दुई अर्ब २४ करोड नोक्सानी रहेको छ।

माघ १७ गतेसम्म रु २१ अर्ब ५० करोड घाटा व्यहोर्नुपर्ने निगमको प्रक्षेपण छ। मूल्य समायोजन गरिएता पनि महिनाका करिब ४ अर्ब मासिक घाटा रहेको हुँदा आगामी तीन महिनासम्मका लागि देशभर पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज बनाइराख्न हालको खरिद मूल्यअनुसार न्यूनतम करिब रु १२ अर्ब आवश्यक पर्ने निगमको भनाइ छ।

**फेरि बढ्यो खरिद मूल्य**

यसअघि केही महिना अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य ओरालो लागेपनि फेरि मूल्य बढ्न थालेको छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेसँगै निगमको खरिद मूल्य पनि बढेको छ। जनवरी १६ मा प्राप्त मूल्यसूची अनुसार निगमलाई पेट्रोलमा प्रतिलिटर १३ रुपैयाँ १८ पैसा, डिजेलमा आठ रुपैयाँ ८१ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर ६४६ रुपैयाँ १६ पैसा घाटा रहेको छ।

नयाँ मूल्यअनुसार निगमलाई आगामी १५ दिनमा पेट्रोलको बिक्रीबाट रु ४२ करोड ७९ लाख, डिजेलको बिक्रीबाट रु ७९ करोड ९९ लाख र एलपी ग्यासको बिक्रीबाट रु एक अर्ब १४ करोड ८६ लाख घाटा हुने निगमको आँकलन छ।

निगमलाई मट्टितेलमा २० रुपैयाँ ५० पैसा र हवाई इन्धनमा १४ रुपैयाँ ७३ पैसा नाफा रहेको छ। मट्टितेलको बिक्रीबाट निगमलाई ५० दिनमा रु एक करोड ८७ लाख र हवाई इन्धनबाट रु ११ करोड ३७ लाख नाफा हुनेछ। मट्टितेल र हवाई इन्धनको बिक्री न्यून हुने हुँदा त्यसको बिक्रीबाट हुने नाफाले निगमको घाटा पूर्तिमा उल्लेख्य योगदान दिन सकेको छैन।

आइओसीबाट निगमले प्रत्येक १५/१५ दिनमा डिजेल, पेट्रोल र हवाई इन्धनको नयाँ मूल्य सूची प्राप्त गर्दै आएको छ। यस्तै मट्टितेल र एलपी ग्यासको मूल्य भने एक/एक महिनामा आउने गर्छ। चालू आर्थिक वर्षको छ महिनाको अवधिमा निगमले आइओसीबाट १२ पटक नयाँ मूल्य प्राप्त गरेको थियो। प्राप्त मूल्यमध्ये अधिकांश बढेर आएको निगमको भनाइ छ। निगमले गत आवमा करिब रु दुई खर्ब ३२ अर्ब बराबरको पेट्रोलियम पदार्थको कारोबार गरेको थियो। भन्सार शुल्क, मूल्य अभिवृद्धि कर (भ्याट), सडकमर्मत सम्भार शुल्क र प्रदूषण शुल्कलगायत अन्य करबापत निगमले वार्षिक करिब रु ९८ अर्ब राजस्व तिर्दै आएको छ।

**भारतमाभन्दा नेपालमा पेट्रोलियम पदार्थ सस्तो**

नेपालमा पेट्रोलियम पदार्थको मूल्य अचाक्ली बढेको भनेर गुनासो आइरहँदा भारतको तुलनामा नेपालमा इन्धनको मूल्य सस्तो रहेको छ। भारतीय सीमा बजार रक्सौलको तुलनामा नेपालको वीरगन्ज क्षेत्रमा पेट्रोल प्रतिलिर ३८ रुपैयाँ ३ पैसा, डिजेल ३१ रुपैयाँ १२ पैसा र एलपी ग्यास प्रतिसिलिण्डर ५० रुपैयाँ ६५ पैसा तथा हवाई इन्धन (आन्तरिकतर्फ) भारतको कोलकताभन्दा नेपालतर्फ प्रतिलिर ३२ रुपैयाँ ९६ पैसा सस्तो रहेको निगमका सहप्रवक्ता पुस्कर कार्कीले जानकारी दिनुभयो।

# कोभिड-१९ को संक्रमण जोखिमबाट
# खेलकुद क्षेत्रसमेत प्रभावित

काठमाडौं, ४ पुस (रासस)। कोभिड-१९ सङ्क्रमण जोखिमकाकारण मुलुकका अरु विधाजस्तै खेलकुद क्षेत्रको विकास र विस्तार पनि प्रभावित हुने सङ्केत देखिएको छ। खेलकुद क्षेत्रको विकासका लागि खेलाडी उत्पादन, तालिम वा अभ्यास, पूर्वाधार निर्माण र प्रतियोगिता अनिवार्य शर्त रहेकामा कोरोना सङ्क्रमणका कारण ती सबै क्रियाकलाप सुस्त र प्रभावित हुन पुगेका छन्।

युवा तथा खेलकुद मन्त्रालयका सचिव डा दामोदर रेग्मीले खेलकुद क्षेत्रमा धेरै कार्यक्रम रहे पनि कोरोना सङ्क्रमणका कारण कतिपय सुरुआत गर्न, केहीलाई अघि बढाउन र सम्पन्न गर्न चुनौती खडा भइरहेको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, “खेल क्षेत्रको विकासका लागि पूर्वाधार महत्वपूर्ण विषय हो। कोरोनाबाट उत्पन्न परिस्थितिले आयोजना अधुरै रहने, छुट्याएका बजेट फ्रिज हुने, समयमा सम्पन्न हुन नसक्दा लागत बढ्ने अवस्था छ।”

पूर्वाधार निर्माण नै समयमा पूरा भएन भने खेल क्षेत्रको विकासमा अवरोध खडा हुन्छ। खेलाडी उत्पादनसँगै अभ्यास गर्ने स्थल आवश्यक पर्छ। पूर्वाधार भएन भने खेलाडीको क्षमता अभिवृद्धि हुन्न। मुलुकको खेल क्षेत्रको विकासका लागि रु एक अर्ब ५२ करोड पूर्वाधार कार्यक्रमका लागि बजेट विनियोजन हुँदै आएको छ। अघिल्लो वर्षदेखि सरकारले ‘एक पालिका, एक खेलमैदान’ अवधारणा अघि सार्दै कार्यान्वयन अघि बढाएको छ। उक्त कार्यक्रम मुलुकमा १४४ पालिकामा विस्तार भइसकेको छ। यस वर्षभित्र उक्त कार्यक्रम कम्तीमा १६८ स्थानीय तहमा पुऱ्याउने मन्त्रालयले अठोट गरेको छ। उक्त कार्यक्रमका लागि चालु आर्थिक वर्ष २०७८/७९ मा रु २५ करोड बजेट विनियोजन छ।

स्थानीय, प्रदेश तथा राष्ट्रियस्तरमा सुविधासम्पन्न खेलकुद पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ। समुदायदेखि नै खेलकुदको विकास र विस्त सर गरी शारीरिक र मानसिकरूपमा स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्दै अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रको सम्मान अभिवृद्धि गर्न खेलकुद पूर्वाधार विकास, खेलकुद प्रतियोगिता र प्रशिक्षण सञ्चालन तथा प्रतिभावान खेलाडीलाई प्रोत्साहन गर्ने विषय बजेटमार्फत घोषणा गरिएको थियो।

नेपालले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा करिब २५ देखि ३० खेल विधामा पदक प्राप्त गर्ने सम्भावना राख्दै आएको छ। मुलुकमा खेलकुद क्षेत्रका विकास र विस्तारमा करिब २०० को सङ्ख्यामा विषयगत खेल सङ्घ क्रियाशील छन्। त्यस्ता सङ्घले बेलाबखतमा देशभित्र खेलकुद प्रतियोगिता आयोजना गरी खेलाडीको क्षमता अभिवृद्धिका लागि वातावरण तयार गरी प्रोत्साहनसमेत गर्दै आएका छन्।

देशमा कोभिड-१९ सङ्क्रमण जोखिमले आगामी केही समय देशभित्रै पनि प्रतियोगिता कम हुनसक्ने देखिएको छ। प्रतियोगिताको कमी हुनासाथ खेलाडीमा प्रतिस्पर्धा गर्ने क्षमतामा स्खलन आउन सक्नेछ। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता पोखरामा आयोजनाका लागि तयारी भइरहेको अवस्थामा कोरोना त्रासका बीच अहिले मिति घोषणा गर्न सक्ने स्थिति कमजोर देखिएको छ। उक्त प्रतियोगिता गर्न सकिएन भने अर्को वर्ष सेप्टेम्बरमा एशियन खेलकुद प्रतियोगितमा हाम्रा प्रस्तुति आशा गरेअनुरुप नहुन सक्छ।

उक्त प्रतियोगिताअघि नै राष्ट्रिय, प्रदेश र जिल्लास्तरमा खेलकुद आयोजना गरिसक्नु पर्नेछ तर कोरोनाको अहिलेको अवस्थाले प्रतियोगिताका लागि अप्ठ्यारो पार्ने सङ्केत देखाएको छ। कोभिड-१९ कै कारण खेलाडी उत्पादनको प्रारम्भिक थलो विद्यालय बन्दको अवस्था छ। शैक्षिक संस्थासँग समन्वय गरेर खेलाडी पहिचान, प्रोत्साहन र उत्पादन गर्नुपर्नेमा कोरोनाले त्यस कार्यमा ठूलो धक्का दिएको छ। राष्ट्रिय एकता प्रवर्द्धन गर्ने बलियो माध्यमका रुपमा रहेको खेलकुदले युवालाई अनुशासित, जिम्मेवार, समयको पालना र समूहमा रही परिणाम दिन ज्ञान दिन्छ।

सचिव डा रेग्मी भन्नुहुन्छ, “मुलुकमा खेलाडी उत्पादन, अभ्यास, प्रतिस्पर्धाको क्षेत्र विकास नभएसम्म खेलकुद क्षेत्रको विकास हुन सक्दैन। खेलाडी उत्पादनसँगै अभ्याससथल र प्रतियोगिता आवश्यक पर्छ, अबको दायित्व भनेको प्रतिस्पर्धा बढाउने हो।” यद्यपि सरकारले राष्ट्रिय क्षमताअनुसार पूर्वाधार निर्माणलाई अघि बढाइरहेको छ।

मन्त्रालयले विधागत खेलकुदका सङ्घमा सुशासन प्रवर्द्धन र लोकतान्त्रिक विधिबाट पदाधिकारी छनोट कार्यलाई सघाउँदै आएको छ। खेलाडी उत्पादन, अभ्यास र पूर्वाधार निर्माणलाई मन्त्रालयले प्राथमिकतामा राखेर संयोजनकारी र सहजीकरण गर्दै आएको छ। मन्त्रालयले पछिल्लो दिनमा खेलकुद क्षेत्रमा प्रतिबन्धित औषधिको प्रयोग (एण्टिडोपिङ)लाई निस्तेज तुल्याउन खेलाडी र प्रशिक्षकलाई सचेतनासमेत प्रदान गर्दै आएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# चिसो बढेसँगै कम्बल वितरण

जनकपुर, ४ माघ (रासस)।

अत्यधिक चिसो बढेसँगै मधेश प्रदेश सरकारले कम्बल वितरणलाई तीव्रता दिएको छ। शीतलहरबाट प्रभावितको गरिब, विपन्नहरूको तथ्याङ्क सङ्कलन गरी कम्बल वितरणलाई तीव्रता दिएको मधेश प्रदेशका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले जानकारी दिनुभयो।

मधेश प्रदेश सरकारले मंगलबार मात्रै महोत्तरीको गौशाला नगरपालिका- ६ स्थित मुसहर बस्तीमा नगरक्षेत्रका ८०० परिवारलाई कम्बल वितरण गरेको छ। यसअघि जनकपुरधाम उपमहानगरपालिका- ७ जानकी नगरका ५०० गरिब, विपन्न परिवारलाई न्यानो लुगा कम्बल वितरण गरेको थियो। "चिसोबाट प्रभावितको लागि न्यानो लुगा र कम्बलको जोहो गरेका छौं", मन्त्री साहले भन्नुभयो," चिसोबाट प्रभावितलाई कम्बल वितरण गर्न सुरु गरेका छौं, जिल्ला जिल्ला स्थानीय तहसँग समन्वय गरेर कम्बल वितरणको कार्य भइरहेको।" अहिले दुई हजार १०० थान कम्बल खरिद गरेर वितरण गरिरहेको र आवश्यकता अनुसार अरु पनि खरिद गर्ने मन्त्री साहको भनाइ छ।

यसवर्ष चिसोको कारण कुनै किसिमको मानवीय क्षति हुन नदिन न्यानो लुगासँगै काठ दाउरा वितरणको काम समेत भइरहेको उहाँले बताउनुभयो। "शीतलहरबाट जोगिन पूर्वतयारीबारे प्रदेशका आठ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखसँग प्रत्यक्ष सम्पर्कमा छौं", मन्त्री साहले भन्नुभयो, "चिसोबाट जोगिन आवश्यकपर्ने न्यानो लुगा र दाउरालगायतको बन्दोबस्तीमा प्रदेश सरकारले समन्वय गरिरहेको छ।"

विगतमा जाडो बढेपछि चोक-चोकमा आगो बाल्न दाउराको व्यवस्था हुँदै आएको र यस पटक पनि स्थानीय प्रशासनसँग छलफल गरेर तयारी गरिरहेको मन्त्री साहले बताउनुभयो। यस्तै जिल्ला प्रशासन कार्यालय धनुषाले पनि चिसो प्रभावित विपन्न परिवारलाई न्यानो लुगा वितरण थालेको छ। धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार जिल्लाको सबैला नगरपालिका र मिथिला नगरपालिकाका २८० विपन्न परिवारलाई कम्बल वितरण गरिएको छ।

"चिसोबाट सबै क्षेत्र प्रभावित छ, त्यसमा पनि गरिब, विपन्न अत्यधिक समस्यामा छन्", प्रजिअ पौडेलले भन्नुभयो,"त्यसैले हामीले बढी प्रभावित दुबै ठाउँका विपन्नलाई कम्बल वितरण गरेका छौं।" अन्य ठाउँका विपन्नलाई पनि कम्बल वितरणका लागि स्थानीय तहका जनप्रतिनिधिसँग समन्वय भइरहेको प्रजिअ पौडेलले भन्नुभयो।

यसअघि गत सातामा मात्र जिल्ला प्रशासन कार्यालयले धनुषाको धनौजीस्थित राष्ट्रिय आधारभूत विद्यालय र सरस्वती आधारभूत विद्यालयका २०० बालबालिकालाई स्वीटर बाँडेको थियो। जिल्लाका थप सामुदायिक विद्यालयका बालबालिकालाई समेत स्वीटर बाँड्ने योजना रहेको प्रजिअ पौडेलको भनाइ छ। यसका साथै चिसोबाट प्रभावित विपन्न, गरिब परिवारलाई वितरण गर्न युनिसेफ लगायतका दातृ निकायसँग कम्बल माग गरिएको उहाँले बताउनुभयो।

चिसो बढेसँगै सुरक्षाकर्मीले विभिन्न चोकचोकमा आगो बाल्न दाउरा वितरण थालेका छन्। वर्सेनि चिसोबाट प्रदेश २ मा करिब १५ प्रतिशत नागरिक प्रभावित हुने गरेको प्रदेश नीति तथा योजना आयोगको तथ्याङ्कले देखाएको छ।

"प्रदेशको कूल जनसङ्ख्यामध्ये करिब १५ प्रतिशत जनसङ्ख्या दलित, विपन्न छन्, ती सबै चिसोबाट प्रभावित हुने गरेका छन्", प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष भोगेन्द्र झाले भन्नुभयो," अधिकांशसँग चिसोबाट जोगिन ओढ्ने, ओछ्याउने न्यानो लुगा हुँदैन, त्यसैले चिसोबाट कतिपयले ज्यान समेत गुमाउने गर्छन्।"

यसैबीच विगत केही दिनयता बढेको अत्यधिक चिसो र शीतलहरका कारण प्रदेश २ का जिल्लाको जनजीवन कष्टकर बनेको छ। चिसोका कारण दूधे बालकदेखि वृद्धवृद्धा बढी प्रभावित भएका छन्। चिसो बढ्दै गएपछि अस्पतालमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियाँलगायतका बिरामीको चाप बढेको जिल्ला स्वास्थ्य कार्यालय धनुषाले जनाएको छ।

विगत ३ दिनदेखि घाम नउदाउनुको साथै चिसो हावा चलेका कारण सर्वसाधारण आगो बालेर दिन बिताउन बाध्य भएका छन्। चिसो बढेपछि ग्रामीण तथा बजार क्षेत्रमा सर्वसाधारणको चहलपहल र आवागमन पातलिएको छ भने सरकारी कार्यालयमासमेत सेवाग्राहीको चाप घटेको।

# विसं २०७९ का लागि १४ पात्रोलाई स्वीकृति

काठमाडौं, ४ माघ (रासस)।

विसं २०७९ का लागि नेपाल पञ्चाङ्ग निर्णायक समितिले १४ वटा पात्रो (पञ्चाङ्ग) लाई स्वीकृति दिने निर्णय गरेको छ।

आगामी वर्षका लागि तोयनाथ पन्तको, बाबुराम, नरनाथ, हिमाल, अठोला, तारकेश्वर, सूर्य, आकाश दर्शन, बगलामुखी, शुभ, बाबा गोरखनाथ, कीर्ति, सिद्धि र खप्तड तारानाथ पञ्चाङ्ग गरी १४ पात्रो (पञ्चाङ्ग) लाई स्वीकृति दिने निर्णय गरिएको समितिका सदस्यसचिव सूर्यप्रसाद ढुङ्गेलले रासससलाई जानकारी दिनुभयो। समितिबाट स्वीकृति पाएका पात्रो यही माघ १५ गतेदेखि बजारमा आउनेछन्।

विसं २०७६ सम्म पुस अन्तिम साता नै पात्रो (पञ्चाङ्ग) प्रकाशन भइसक्थ्यो। गत वर्षदेखि कोरोना महामारीका कारण पञ्चाङ्गकार जम्मा भएर रुजु गर्ने काममा समस्या आएकाले काममा ढिलाइ भएर प्रकाशन ढिला हुन थालेको हो।

विसं २०७७ पुस २० गते मन्त्रिपरिषद्ले समितिको गठन आदेश स्वीकृत गरेको थियो। त्यसअघि मन्त्रालयको पत्रका आधारमा मात्र समिति गठन भएर पात्रोलाई स्वीकृति दिने गरिएको थियो। गठन आदेशअनुसार समितिले स्वीकृति दिएका पात्रो मात्र प्रयोग गर्न आम मानिसलाई सूचना प्रकाशन गरी आह्वान गरिएको छ।

पात्रोमा राखिने तिथि, बार, योग, नक्षत्र र करण गरी पाँच समूहलाई पञ्चाङ्ग भनिन्छ। पछिल्लो समय सामान्य मानिसले पनि बुझ्नू भनी घडीपलालाई बजेमा रुपान्तरण गरेरसमेत पात्रोमा राखिने गरेको छ। पात्रोलाई अझै सुधार गर्नुपर्ने माग पनि उठ्ने गरेको छ।

गत वर्षदेखि नै समितिले भित्तेपात्रोलाई व्यवस्थित गर्ने भनिए पनि ठोस काम हुन सकेको छैन। समितिको स्वीकृतिमा पात्रो निस्किएपछि त्यही सारेर भित्तेपात्रो प्रकाशन हुने गरेकाले त्यसलाई व्यवस्थित गर्न लागिएको हो। यस वर्ष भित्तेपात्रोलाई व्यवस्थित गर्न स्वीकृति लिन आउनु भनी समितिले सूचना प्रकाशन गरेको थियो। तर भित्तेपात्रो प्रकाशन गर्नेहरूले समितिसँग समन्वय गरेका छैनन्।

सूचना तथा प्रसारण विभागले मात्र समितिको स्वीकृतिमा भित्तेपात्रो प्रकाशन गर्ने गरेको समितिका अध्यक्ष श्रीकृष्ण अधिकारीले जानकारी दिनुभयो। अन्य भित्तेपात्रो भने विभाग र समितिले स्वीकृति दिएका पात्रो (पञ्चाङ्ग) सारेर प्रकाशन हुने गरेकाले प्रतिलिपि अधिकारसम्बन्धी कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाउने विषयमा पनि छलफल सुरु भएको समितिले जनाएको छ।

# यस्तो देखियो तीन वर्षको आर्थिक परिदृश्य

काठमाडौं, ४ माघ (रासस)।

सरकारको समग्र आम्दानी तथा खर्चको पछिल्लो तीन वर्षको अर्धवार्षिक तथ्याङ्क हेर्दा आम्दानीतर्फ क्रमशः धनात्मक अवस्था देखिएको छ। सोही अवधिको समग्र खर्चमा भने उतार चढावपूर्ण अवस्था रहेको पाइएको छ। अर्थ मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार आर्थिक वर्ष २०७६/७७ को पुस मसान्तसम्म राजस्व सङ्कलन कूल लक्ष्यको ३८ दशमलव ९५ प्रतिशत रहेकोमा आव २०७७/७८ मा ४१ दशमलव ७३ प्रतिशत रहेको थियो। चालु आव २०७८/७९ को पुस मसान्तसम्म ४५ दशमलव ९१ प्रतिशत राजस्व सङ्कलन भएको छ। यो अघिल्लो आवको सोही अवधिको तुलनामा चार दशमलव १८ प्रतिशतले बढी हो।

अर्धवार्षिक खर्चतर्फ भने पछिल्लो तीन आर्थिक वर्षको अवस्था हाराहारीमा रहेको छ। आव २०७६/७७ को पुस मसान्तसम्म पूँजीगत खर्च १४ दशमलव ८९ प्रतिशत रहेकोमा आव २०७७/७८ को सोही अवधिमा १४ दशमलव ४० भएको थियो। चालु आव २०७८/७९ को पुस मसान्तसम्म पूँजीगत खर्च १३ दशमलव ४४ प्रतिशत भएको छ। यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा शून्य दशमलव ९६ प्रतिशत कम हो। प्रतिस्थापन बजेट ल्याउनुपर्ने आवश्यकता र मध्य असोजपछि मात्र बजेट कार्यान्वयनमा आएको कारणले पूँजीगत खर्च अपेक्षाकृत हुन नसकेको हो।

समीक्षा अवधिको चालु र वित्तीय खर्चमा भने केही उतार चढाव देखिएको छ। आव २०७६/७७ को पुस मसान्तसम्म चालु खर्च ३२ दशमलव ३५ प्रतिशत भएको थियो भने वित्तीय खर्च २२ दशमलव ४४ रहेको थियो। आव २०७७/७८ को सोही अवधिमा चालु खर्च ३६ दशमलव ०८ रहेकोमा वित्तीय खर्च १३ दशमलव ०६ भएको थियो। यस्तै चालु आव २०७८/७९ को पुस मसान्तसम्म चालु खर्च ३८ दशमलव १३ प्रतिशत रहेकोमा वित्तीय खर्च २६ दशमलव १२ प्रतिशत रहेको छ। वित्तीय खर्च अघिल्लो वर्षको तुलनामा करिब दोब्बर बढी भएको देखिएको छ।

# लोकतान्त्रिक समाजवादीको मोरङमा समानान्तर समिति

मोरङ, ४ माघ (रासस)।

लोकतान्त्रिक समाजवादी, नेपालको मोरङमा समन्वय समिति समानान्तर रूपमा गठन भएको छ। समितिले सोमबार यहाँ पत्रकार सम्मेलनको आयोजना गरी कार्य सञ्चालन सुरु गरेको जानकारी दिएको छ। पत्रकार सम्मेलनमा केन्द्रीय संयोजक महन्थ ठाकुरले विधान विपरीत एकलौटी रुपमा मोहम्मद कादिरको संयोजक समिति गठन गरेकामा विरोध गरेका छन्।

प्रदेश उपाध्यक्ष कामेश्वर रौनियारले बहुमत सदस्यहरूको भेलाबाट इनामुल हक अन्सारीको संयोजकत्वमा गठन गरिएको ३१ सदस्यीय मोरङ कार्यसमितिलाई मान्यता दिनुपर्ने माग गर्दै दबाबमूलक कार्य गर्ने बताउनुभयो। उहाँले पार्टीलाई तहसनहस पार्न र मोरङमा रहेको सङ्गठन विस्तारमा अवरोध सिर्जना गर्न केन्द्रले उक्त निर्णय गरेको आरोपसमेत लगाउनुभयो।

संयोजक अन्सारीले गएको पुस २४ गते केन्द्रीय सदस्य, प्रदेश सदस्यलगायत १२५ जना अगुवा कार्यकर्ताहरूको भेलाले विधानअनुसार आफूलाई संयोजक घोषणा गरेमा त्यसलाई केन्द्रले मान्यता दिनुपर्ने जोड दिनुभयो। पत्रकार सम्मेलनमा मङ्गलबार पार्टी कार्यालय स्थापना गरी सङ्गठन विस्तार कार्यमा लाग्ने उहाँले जानकारी दिनुभयो।

## विश्व समाचार

# भारतमा थप दुई लाख ३८ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ४ माघ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट पछिल्लो एक दिनमा थप दुई लाख ३८ हजार १८ जना सङ्क्रमित भएका छन्। अघिल्लो दिनको तुलनामा दैनिक सङ्क्रमितहरुको सङ्ख्या घटेको देखिएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएको छ। सोमबार सार्वजनिक गरिएको विवरणअनुसार एक दिनअघिको २४ घण्टामा दुई लाख ५८ हजार भन्दा बढी नयाँ सङ्क्रमित थपिएका थिए। सोमबार सार्वजनिक गरिएको दैनिक सङ्क्रमितको संख्या मङ्गलबार २० हजार ७१२ जना कम थियो।

भारतमा अहिलेसम्म कुल तीन करोड ७५ लाख भन्दा बढी कोरोनाभाइरसबाट सङ्क्रमित भईसकेका छन्। ती मध्ये १७ लाख ३६ हजार ६२८ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन्। सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या दिन प्रति दिन बढ्दै गइरहेको पनि मन्त्रालयका अधिकारीहरुले जनाएका छन्। हाल रहेका सक्रिय सङ्क्रमित मध्ये आठ हजार ८९१ जना मात्रै ओमिक्रोनबाट सङ्क्रमित रहेको पाइएको छ।

पछिल्लो २४ घण्टामा भारतमा कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या एक लाख ५७ हजार ४२१ रहेको छ। भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या तीन करोड ५३ लाख ९४ हजार ८८२ रहेको मन्त्रालयले जनाएको छ।पछिल्लो एक दिनमा ३१० जनाको कोरोनाका कारण मृत्यु भएको छ भने अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरुको सङ्ख्या चार लाख ८६ हजार ७६१ रहेको छ। यहाँ कोरोना भाइरस निको हुने दर ९४.०९ प्रतिशत रहेको जनाइएको छ।

कोरोना सुरु भएदेखि हालसम्म भारतमा ७० करोड ५४ लाख भन्दाबढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ५८ करोड ४ लाखभन्दा बढी कोरोनाविरुद्ध खोपको डोज लगाइएको छ।

# अफगानिस्तानको पश्चिमी क्षेत्रमा गएको भूकम्पमा परी कम्तीमा २६ जनाको मृत्यु

काबुल, अफगानिस्तान, ४ माघ, (रासस-एएनआई)।

पश्चिमी अफगानिस्तानमा गएको भूकम्पमा परी कम्तीमा २६ जनाको मृत्यु भएको छ। सोमबार ५.३ म्याग्निच्युडको भूकम्पपछि तुर्कमेनिस्तानसँग सीमा जोडिएको पश्चिमी बाघिस प्रान्तमा सयौं घरमा क्षति पुगेको अल जजीराले जनाएको छ।

प्रान्तका प्रवक्ताले समाचार एजेन्सीहरूलाई प्रान्तको कादिस जिल्लामा क्षतिग्रस्त घरको छाना खस्दा पीडितहरूको मृत्यु भएको बताएका छनल। 'भूकम्पमा परी ज्यान गुमाउने २६ जनामध्ये पाँच महिला र चार बालबालिका रहेको पनि प्रवक्ताले उल्लेक गरेका छन्।

पहिलो भूकम्पको दुई घण्टापछि उक्त क्षेत्रमा ४.९ म्याग्निच्युडको दोस्रो भूकम्प गएको सञ्चारमाध्यमले जनाएका छन्। आपतकालीन मामिलाका लागि राज्य मन्त्रालयका एक वरिष्ठ अधिकारीले मृत्युको संख्या पुष्टि गर्दै ७,००० भन्दा बढी घरमा क्षति पुगेको पनि बताएका छन्। भूकम्पले प्रान्तको मुकर जिल्लाका बासिन्दालाई पनि क्षति पुर्याएको छ तर विस्तृत विवरण आउन बाँकी रहेको उनले बताए।

# अष्ट्रेलियामा कोभिडबाट एकै दिनमा अहिलेसम्मकै धेरैको मृत्यु

सिडनी, ४ माघ (रासस/सिन्ह्वा)।

अष्ट्रेलियामा कोभिड १९ बाट २४ घन्टामा अहिलेसम्मकै सबैभन्दा धेरै नागरिकको मृत्यु भएको बताइएको छ। प्राप्त समाचारअनुसार अष्ट्रेलियामा कोभिड सङ्क्रमणबाट गएको २४ घन्टामा ७४ जनाको ज्यान गएको बताइएको छ।

अष्ट्रेलियाका अधिकारीहरुका अनुसार कोभिडको कारण एकै दिनमा मृत्यु भएको यो संख्या यहाँ अहिलेसम्मका सबैभन्दा धेरै हो। मंगलबार त्यसअघिको २४ घन्टामा ती नागरिकको ज्यान गएको बताइएको छ।

त्यसैगरी यहाँका अधिकारीहरुले अष्ट्रेलियामा अस्पताल भर्ना हुनेको संख्या पनि विगतका तुलनामा बढेको पाइएको बताएका छन्। यहाँका सबैभन्दा धेरै कोरोना सङ्क्रमित नागरिक न्यु साउथ वेल्सका रहेका छन्। न्यु साउथ वेल्समा गएको २४ घन्टामा ३६ जनाको ज्यान गएको छ।

त्यसैगरी भिक्टोरियामा २२ जना र क्वीन्सल्याण्डमा १६ जनाको ज्यान गएको छ। ती राज्यहरुमा पछिल्लो २४ घन्टामा सङ्क्रमित हुनेको संख्या पनि बढ्दै गएको पाइएको बताइएको छ। अष्ट्रेलियामा पछिल्लो समयमा कोभिड सङ्क्रमण बढ्दो देखिएको छ। यहाँ सङ्क्रमित हुनेसँगै अस्पताल भर्ना हुनेको संख्या पनि बढ्दै गएको यहाँका स्वास्थ्य अधिकारीहरुले जनाएका छन्।

# मधेश प्रदेशको नामकरणले मधेश आन्दोलनप्रति सम्मान मिलेको छ : अध्यक्ष यादव

जनकपुर, ४ माघ (रासस)।

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेशको नामकरणले मधेश आन्दोलनप्रति सम्मान मिलेको बताउनुभएको छ। प्रदेशसभाको बैठकले प्रदेश नं २ को नाम मधेश प्रदेश र राजधानी जनकपुरधाम दुईतिहाइ बहुमतले पारित गरेपछि गए राति आयोजित खुशीयालीसभालाई सम्बोधन गर्नुहुँदै अध्यक्ष यादवले मधेश प्रदेशको नामकरणसँगै मधेश आन्दोलनले सम्मान पाएको बताउनुभयो।

"मधेसी जनताले जुन बलिदान दिए, ती सहिदहरूको एउटा सपना मधेश प्रदेशको स्थापना थियो", अध्यक्ष यादवले भन्नुभयो, "त्यो सपना सफल भएको छ, यसबाट मधेश आन्दोलनले एउटा सम्मान पाएको हामीले महसुस गरेका छौं।" मधेश प्रदेशको घोषणाले पहिचानको प्रतिनिधित्व गर्ने बताउनुहुँदै अध्यक्ष यादवले अब असम्मान र असमनता, बिभेद र शोषण, जातीय, सांस्कृति बिभेदको अन्त्यका लागि अगाडि बढ्ने बताउनुभयो।

मधेश आन्दोलनकै बलमा प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसम्मै मधेश प्रदेश स्थापना भएको उल्लेख गर्नुहुँदै उहाँले मधेश प्रदेश स्थापनामा सहयोग गर्ने सबै प्रदेशसभा सदस्य, राजनीतिक दलका नेतालगायतमा धन्यवादसमेत ज्ञापन गर्नुभयो।

सो सभामा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले वर्षौंदेखि विभेदमा रहेको मधेसीलाई अब सम्मानको अनुभूति हुने बताउनुभयो। "मधेश आन्दोलनमा सहिद भएकाको बलिदानीबाट मधेश प्रदेश स्थापना भएको छ", मन्त्री यादवले भन्नुभयो, "हामीले मधेश प्रदेशका लागि लडाइँ लड्यौं, त्यो आज पूरा भएको छ, यसबाट मधेश आन्दोलन र सहिदप्रति सम्मान भएको छ।"

मधेश आन्दोलनकै कारण शोषित वर्गहरू राज्यका हरेक अङ्गमा आरक्षण पाएको उल्लेख गर्नुहुँदै जसपाका नेत्रीसमेत रहनुभएका मन्त्री यादवले मधेसी, जनजाति, दलित, महिलालगायत उत्पीडित समुदायलाई आफ्नो पार्टीले मात्र अधिकार दिलाउने सक्ने दाबी गर्नुभयो।

# कोशी अस्पतालका स्वास्थ्यकर्मीसहित ४६ जना संक्रमित

**दैनिक समाचारदाता**
**मोरङ, ४ माघ।**

कोशी अस्पताल विराटनगरका २५ स्वास्थ्यकर्मीसहित ४६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट डाक्टर चुमनलाल दासका अनुसार मंगलबारसम्म अस्पतालमा कार्यरत ८ डाक्टर, १७ जना नर्स, परामेडिक्स, एक्स-रे, ल्याबका प्राविधिक, सफाइ कर्मचारीलगायत गरी ४६ जनालाई संक्रमण देखिएको हो।

संक्रमित मध्ये ४२ जना होम आइसोलेसनमा छन्। चार जना भने काममा फर्किएको उनले बताए।

यता कर्मचारीमा कोरोना संक्रमण देखिएपछि मालपोत कार्यालय विराटनगरको सेवा केही दिनका लागि बन्द भएको छ।

यस्तै प्रदेश १ को भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिवसहित केही कर्मचारीलाई कोरोना संक्रमण देखिएपछि भेटघाट बन्द गरिएको मन्त्रालयका प्रवक्ता डाक्टर राजेन्द्र उप्रेतीले जानकारी दिए।

# कोरोनाको निःशुल्क परीक्षण गर्न माग

काठमाडौं, ४ माघ (रासस)।

राष्ट्रिय उपभोक्ता मञ्चले कोभिड-१९ को निःशुल्क परीक्षण हुनुपर्ने माग गरेको छ।

मञ्चले मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा पत्र पठाउँदै कोभिडको पिसिआर तथा एन्टीजेन परीक्षण निःशुल्क गर्न माग गरेको हो।

मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले हस्ताक्षर गर्नुभएको पत्रमा नेपालका सरकारी तथा निजी अस्पतालले पिसिआर तथा एन्टीजेन परीक्षण गर्दा लागतभन्दा बढी मूल्य लिएको उपभोक्ता तथा चिकित्सकले गुनासो गर्न थालेको भन्दै निःशुल्क बनाउन माग गरिएको जनाइएको छ।

"निजी अस्पतालले ऐन्टीजेन टेस्ट गरेबापत न्यूनतम रु पाँच सय लिएको र पिसिआर परीक्षण शुल्क निजी अस्पतालमा न्यूनतम रु दुई हजार र सरकारी अस्पतालमा रु एक हजार लिइरहेको गुनासो छ," उहाँले भन्नुभयो, "सम्पूर्ण परीक्षण गर्न टेस्टकिटको अधिकतम साइज ९६ प्रयोग गर्दासमेत अधिकतम ६ अमेरिकी डलर मात्र खर्च हुने आधारमा रु ८०० भन्दा बढी पर्दैन।"

"सरकार आफैँले पनि प्रत्येक नागरिकलाई शङ्का लागेमा पिसिआर र एन्टीजेन परीक्षण गर्न अनुरोध गर्दै आएको छ भने सार्वजनिकस्थल, समारोह आदि ठाउँहरूमा जान पिसिआर गरेको वा एन्टीजेन परीक्षण गरेको प्रमाणपत्र तथा खोप लिएको प्रमाणपत्र अनिवार्य गरेको छ", महर्जनले जारी गरिएको पत्रमा भनिएको छ।

***थप १० हजार ...***

आइसियुमा १५१ जना रहेका छन् भने होम आइसोलेसनमा ३७ हजार ८२६, संस्थागत आइसोलेसनमा एक हजार २१८ र क्वारेन्टिनमा १०० जना रहेका छन्।

पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, कास्की, रुपन्देही र कैलाली रहेका छन्भने दुई सयभन्दा बढी उपचारार्थ संक्रमित रहेका जिल्लामा धनुषा, पर्सा, नवलपरासी पूर्व, बाँके, दाङ र कञ्चनपुर छन्। शून्य संक्रमित रहेका जिल्ला कुनै पनि नभएको मन्त्रालयले जनाएको छ।


# मधेश प्रदेश कायम भएसँगै मधेसी जनताको ठूलो सपना पूरा भएको छ : मुख्यमन्त्री राउत

जनकपुर, ४ माघ (रासस)।

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले प्रदेशको नाम मधेश कायम भएसँगै मधेसी जनताको एउटा ठूलो सपना पूरा भएको बताउनुभएको छ।प्रदेशसभाको बैठकबाट प्रदेशको नाम र राजधानी टुङ्ग्याएपछि रासससँग संक्षिप्त कुरा गर्नुहुँदै मुख्यमन्त्री राउतले मधेस प्रदेश नाम राख्ने प्रस्ताव दुईतिहाइभन्दा बढी मतले पारित भएसँगै मधेशी जनताको ठूलो सपना पूरा भएको बताउनुभयो।

"मधेस प्रदेशको नामकरणले मधेस आन्दोलनले सम्मान पाएको छ", मुख्यमन्त्री राउतले भन्नुभयो, "मधेश आन्दोलनको भावना र मधेशी जनताको चाहनाअनुरूप मधेश प्रदेश कायम भएको छ, यो हामी सबैको गौरवको कुरा हो।" यसबाट शहीदहरुको सम्मान भएको उहाँको भनाइ थियो।

मधेस प्रदेशको घोषणाले पहिचानको प्रतिनिधित्व गर्ने बताउँदै उहाँले यसबाट उत्पीडित वर्ग, समुदायको मुक्तिका लागि अघि बढ्न ऊर्जा प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।मधेश प्रदेश स्थापनाका लागि सहयोग पुऱ्याउने सबै प्रदेशसभा सदस्य, प्रदेशसभा सचिवालयका कर्मचारी लगायतलाई धन्यवाद ज्ञापन दिँदै मुख्यमन्त्री राउतले सम्पूर्ण प्रदेशबासी, देशबासीमा बधाई तथा शुभकामना समेत व्यक्त गर्नुभएको छ। प्रदेश सरकार गठन भएको चार वर्षपछि सोमबार नाम मधेस र राजधानी जनकपुरधाम प्रदेशसभाबाट पारित भएको छ।


अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*